सियारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, नेपाल

## हाटबजार बैठकी कर सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको १५ दिने सूचना

मिति:

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ बमोजिम सियारी गाउँपालिकाको निम्न वडाहरुमा लाग्ने साप्ताहिक हाटबजार आ.व. ०८०/०८१ को आन्तरिक आय संकलनको लागि तपसिल बमोजिम बैठकी बहाल बिटौरी कर निम्न दररेटको आधारमा कर उठाउन इच्छुक व्यक्ति वा फर्मबाट देहाय बमोजिमको शर्तको अधिनमा रही सिलबन्दी दरभाउपत्र आहवान गरिएको छ।

१. बैठकी करको दररेट सियारी गाउँपालिकाबाट प्राप्त गर्न सकिने छ।
२. छुट्टा छुट्टै बजारका लागि छुट्टा छुट्टै दरभाउपत्र पेश गर्नुपर्नेछ।
३. ठेक्का रकम अङ्क र अक्षरमा दुबैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ।
४. आफुले कबुल गरेको रकमको ५ प्रतिशतले र हुने रकम धरौटी स्वरुप सियारी गाउँपालिकाको एन.आई.सि एशिया बैंक,सियारी गा.पा.-३ अवस्थित रहेको धरौटी खाता नं.०९३२०५०००१४९४१०१२ मा जम्मा गरेको सक्कल भौचर सिलबन्दी दरभाउपत्र साथ संलग्न हुनुपर्नेछ।
५. कार्यालय प्रमुखको सहिछाप नभएको, रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिइनेछैन।
६. दरभाउपत्र फाराम रु.१०००/– (फिर्ता नहुने गरी) तिरी सियारी गाउँपालिकाबाट उपलब्ध हुनेछ।
७. ठेक्का रकम रु.५०-५० प्रतिशतको दरले २ किस्तामा बुझाउनु पर्नेछ।
८. प्रथम किस्ता दरभाउपत्र स्वीकृत भई सूचना पाएको मितिले ७ दिनभित्र दाखिला गरी बाँकी किस्ताका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्गको वाणिज्य बैंकबाट यस गाउँपालिकाको नाममा वि.स.२०८१ असाढ मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टि (पर्ईरमेन्स वण्ड) समेत पेश गरि पट्टा उठाउनु पर्नेछ। अन्यथा धरौटी जफत गरी अर्को व्यवस्था गरिनेछ।
९. बाँकी किस्ता रकम २०८० पौष मसान्त भित्र दाखिला गर्नुपर्नेछ र शर्तहरुको पालना नभएमा ठेक्का तोड्न सकिनेछ।
१०. दरभाउपत्र मिति २०८०/०३/३१ गते सम्म यस कार्यालयबाट खरिद गर्न सकिने छ।
११. दरभाउपत्र पेश गर्ने अन्तिम मिति २०८०/०४/०१ गते (विदा परे भोली पल्ट) दिनको १२:०० बजे भित्र सियारी गाउँपालिकामा दर्ता गराई सक्नुपर्नेछ।
१२. दरभाउपत्र मिति २०८०/००४/०१ गते दिनको २:०० बजे सियारी गाउँपालिकामा दरभाउपत्र दर्ता वाला निजको प्रतिनिधिको उपस्थिति वा अनुपस्थितिमा खोलिनेछ।
१३. आधी, झरी, बन्द, हडताल कुनै पनि कारणबाट बजार बन्द भएता पनि ठेक्का रकम मिनाहा हुनेछैन।
१४. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूण अधिकार सियारी गाउँपालिकामा सुरक्षित रहनेछ।
१५. अन्य जानकारीको लागि कार्यालय समयभित्र सियारी गाउँपालिकामा सम्पर्क गर्न सकिनेछ।
१६. यस सूचनामा उल्लेख नभएमा कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

तपसिलः

**आय ठेक्का नं.१. SRM-01/080/081:** (क) हाटबजार लाग्ने स्थानः- साविक प.अमवा गा.वि.स. हाल सियारी गाउँपालिका ७ नं. वडा कार्यालयको कम्पाउण्डभित्र।

(ख) हाटबजार लाग्ने दिन हप्ताको दुई दिन शुक्रबार र सोमबार

(ग) न्यूनतम ठेक्का रकम रु.४७६८२९/–

**आय ठेक्का नं.२. SRM-02/080/081:** (क) हाटबजार स्थानः साविक दयानगर गा.वि.स. हाल सियारी गाउँपालिका ४ नं. वडा छपिया।

(ख) हाटबजार लाग्ने दिनः हप्ताको एक दिन सोमबार

(ग) न्यूनतम ठेक्का रकमः रु.३५०३८६/–

**आय ठेक्का नं.३. SRM-03/080/081** (क) हाटबजार लाग्ने स्थानः साविक दयानगर गा.वि.स. हाल सियारी गाउँपालिका ५ नं वडा बनघुसरी।

(ख) हाटबजार लाग्ने दिनः हप्ताको एक दिन शनिबार

(ग) न्यूनतम ठेक्का रकम रु.२१७९३७/–

..............................

प्रमुख प्रशासकीय अधिकृत